# सिईडिबि हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति कार्तिक ०७, २०७७**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति कार्तिक ०५, २०७७ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा Webinar (Zoom) मार्फत उपस्थित हुन सम्पूर्ण शेयरधनीहरुलाई अनुरोध गर्दछौ ।

### १. सभा हुने मिति,समय र स्थान :

मिति : कार्तिक २८, २०७७ (नोभेम्बर १३, २०२०)
समय : दिउँसोको ३:३० बजे, शुक्रबार
स्थान : कम्पनीको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
(Zoom को ID र Passcode उपलब्ध गराइनेछ ।)

### २. छलफलको विषय :

१. **साधारण प्रस्तावहरु**
क) संचालक समितिको आ.व. २०७४/७५ र आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
ख) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७४/७५ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।
ग) आ.व. २०७५/७६ को लागि नियुक्त लेखा परिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।
घ) आ.व. २०७४/७५ को लाभांश प्रस्ताव पारित गर्ने ।
ङ) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७५/७६ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।
च) आ.व. २०७६/७७ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
छ) आ.व. २०७५/७६ को लाभांश प्रस्ताव पारित गर्ने ।
ज) कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम ५ (पाँच) जना संचालकहरुको निर्वाचन गर्ने ।
२. **विविध ।**

### साधारण सभा सम्बन्धी अन्य जानकारी

१. Zoom Meeting को विवरण शेयरधनीले कम्पनीलाई उपलब्ध गराएको E-mail मार्फत सम्बन्धित शेयरधनीहरुलाई सभा हुनु भन्दा अघिल्लो दिन पठाइनेछ ।
२. Zoom app मार्फत सहभागी भएर शेयरधनीहरुले च्याट बक्स (Chat Box) मा शेयरलगतमा दर्ता भए बमोजिम आफ्नो नाम लेखी आफ्नो उपस्थितिको जानकारी गराउनु पर्नेछ । शेयरलगतमा भएको नाम सँग रुजु नभएका Login लाई Disconnect गरिनेछ ।
३. हाजिरी प्रयोजनको लागि Zoom Meeting दिउँसोको १२:३० बजे देखि खुल्ला रहनेछ ।
४. वार्षिक साधारण सभा प्रयोजनको लागी कम्पनीको शेयरधनी दर्ता पूस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति कार्तिक १६, २०७७ देखि कार्तिक २८, २०७७ सम्म बन्द रहने छ । शेयरधनी पुस्तीका बन्द भएको अघिल्लो दिन मिति कार्तिक १५, २०७७ सम्म कायम रहेका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिनका लागी योग्य हुनेछन् ।
५. लेखा परिक्षण प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन लगायतका कागजातहरु निरिक्षण गर्न तथा प्रतिलिपी आवश्यक भएमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय त्रिपुरेश्वर मा सम्पर्क राख्न सकिनेछ । साथै कम्पनीको वेव साईट www.chdc.com.np मा पनि हेर्न सक्नु हुनेछ ।
६. सभामा भाग लिनको लागी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले कार्तिक २६, २०७७ बिहान ११:०० बजे भित्र उक्त प्रोक्सी यस कम्पनीको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।
७. सञ्चालकको निर्वाचन सम्बन्धी कार्यक्रम र कार्यतालिका निर्वाचन हुने मिति भन्दा ५ (पाँच) दिन अघि कम्पनीको सूचना पाटीमा टाँस गरी वेब साईट www.chdc.com.np मा समेत राखिनेछ ।
८. कम्पनीले स्वीकृत गरेको संचालकको निर्वाचन सम्बन्धी निर्देशिका बमोजिम संचालकहरुको निर्वाचन सम्पन्न हुनेछ । संचालकको लागि उम्मेदवारी दिन इच्छुक शेयरधनीले संचालकको निर्वाचन सम्बन्धी निर्देशिका लिन चाहेमा निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त गर्न सक्नेछन् ।
९. साधारण सभा हुने मिति भन्दा कम्तिमा ५ (पाँच) दिन अघि निर्वाचन अधिकृतको कार्यालय तोकिनेछ । सञ्चालकको निर्वाचन सम्बन्धी विस्तृत जानकारीका लागी निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क राख्नुहुन जानकारी गराईन्छ ।
१०. साधारण सभामा आफ्नो जिज्ञासा राख्न चाहनु हुने शेयरधनीहरुले आफ्नो जिज्ञासा साधारण सभा हुने मिति भन्दा २ (दुई) दिन अघि नै E-mail मार्फत पठाउनु पर्नेछ ।
११. शेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका अध्यक्ष आफैले वा सभाका अध्यक्षबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले उत्तर दिइनेछ ।

**संचालक समितिको आज्ञाले**
**(कम्पनी सचिव)**